प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ – 6
चलानी नं. : 386

CDS and Clearing Ltd.

मिति : २०७२/०५/२८

**विषय : कारोबार शुल्क सम्बन्धी परिपत्र ।**
(परिपत्र नं.:१८/आ.व.२०७२/७३)

धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १४ को (३)(ठ) बमोजिम "खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गरेको धितोपत्र आफ्नो धितोपत्रको पूल एकाउन्टबाट ग्राहकको खातामा हस्तान्तरण गर्नु पर्नेछ" भनी व्यवस्था भए अनुसार लगानीकर्ताको संरक्षणलाई मध्यनजर गर्दै खरिदकर्ता राफसाफ सदस्यको खाताबाट खरिदकर्ता हितग्राहीको खातामा खरिद गरे बापतको धितोपत्रको मौज्दात विद्युतीय माध्यमबाट हस्तान्तरण गर्न यस लि. को मिति २०७२/०५/१५ गतेको संचालक समितिको निर्णय अनुसार Client Wise Payout Module पुनः संचालनमा ल्याएको व्यहोरा सम्पूर्ण निक्षेप सदस्य तथा राफसाफ सदस्यलाई जानकारी गराउँदछु । यसै सन्दर्भमा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन २०६९ सहित) को विनियम २९ (७) संग सम्बन्धित अनुसूची १४ बमोजिमको धितोपत्र हस्तान्तरण शुल्क धितोपत्र खरिद वा बिक्री भई हितग्राहीको खाताबाट घटाउने वा जम्मा भएको अवस्थामा हितग्राहीसंग लिने हुँदा परिपत्र नं १४/आ.व.२०७१/७२ अनुसार खरिदकर्ता राफसाफ सदस्यले आफ्ना लगानीकर्ताहरुबाट संकलन गरी सम्बन्धित निक्षेप सदस्यलाई बुझाउनु पर्ने व्यवस्था गरिएकोमा मिति २०७२ आश्विन १ गते देखि लागू हुने गरी खरिदकर्ता हितग्राहीले कारोबार गरे बापतको हस्तान्तरण शुल्क सम्बन्धित हितग्राहीको निक्षेप सदस्यले संकल्न गर्नुपर्ने व्यवस्था मिलाइएको हुँदा सम्पूर्ण निक्षेप सदस्यले सोही बमोजिम कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

साथै धितोपत्र कारोबार राफसाफ फछ्र्यौट विनियमावली २०६९ को विनियम ३० मा "बिक्रीकर्ता राफसाफ सदस्यले ग्राहकको नामबाट धितोपत्र बिक्री गर्दा खातामा मौज्दात नभएको धितोपत्रको कारोबार गर्नु हुँदैन" भनी व्यवस्था रहेको र बिक्रीकर्ता राफसाफ सदस्यले फछ्र्यौट गर्न नसकेमा ऐ विनियमावलीको विनियम २१ बमोजिम क्लोज आउट गरिने व्यवस्था रहेको हुँदा राफसाफ सदस्यलाई कारोबारमा सहजता प्रदान गर्न साथै लगानीकर्ताको कारणले गर्दा राफसाफ सदस्यलाई पीडित हुनबाट बचाउन बिक्रीकर्ता राफसाफ सदस्यलाई Balance Inquiry को सुविधा प्रदान गरिएको व्यहोरा समेत सम्पूर्ण राफसाफ सदस्यलाई जानकारी गराउँदछु ।

............................
(सबिना पुजारी)
प्रमुख-प्रशासन विभाग

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596, 4250597
Website: www.cdscnp.com